नगर कार्यपालिकाको १७औं बैठक मिति २०८२/०२/०४ मा साँझ ५:०० बजे प्रस्तुत प्रस्तावहरु:

१. योजना कार्यान्वयन समीक्षा सम्बन्धमा
२. विद्यालय मर्मत सम्भारका योजना सम्बन्धमा
३. हावाहुरीको कारण विद्यालयमा पुगेको क्षति सम्बन्धमा
४. बजेट रकमान्तर सम्बन्धमा
५. राताचौर पूर्वाधार निर्माण कार्यको ठेक्का रद्द सम्बन्धमा
६. संस्थागत विकास र सुशासन समिति पुनर्गठन सम्बन्धमा
७. आर्थिक सहायता सम्बन्धमा
८. विविध

## निर्णयहरु

१. यस नगरपालिकाबाट चालु आर्थिक वर्षमा कार्यान्वयन भएका योजनाहरुको कार्यप्रगतिको विषयमा छलफल गरियो। उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजना अनुगमन गरी निरन्तर भूक्तानी प्रक्रिया अगाडि बढाउने र ठेक्का प्रक्रियाबाट संचालन हुने योजनाहरु समयमै सम्पन्न गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

२. यस नगरपालिकाको नगरसभाबाट विनियोजित विद्यालय कक्षाकोठा मर्मत सम्भार शीर्षकबाट रु.१० लाख र विद्यालय मर्मत सम्भार शीर्षकबाट रु. ५ लाख गरी जम्मा १५ लाख खर्च गर्ने गरी तपसिल बमोजिमका विद्यालयहरुको कक्षाकोठा तथा आवश्यक पूर्वाधार निर्माण गर्ने निर्णय गरियो।

तपसिल:

क) आ.वि. लाहाघाट १ लाख ५० हजार
ख) शारदा आ.वि. क्यूरेनी १ लाख ५० हजार
ग) जय नेपाल आ.वि. गर्चे १ लाख
घ) सरस्वती आ.वि. लाखर १ लाख ५० हजार
ङ) भगवती आ.वि. खैरागाड १ लाख
च) नवज्योती मा.वि. बाबियाचौर १ लाख ५० हजार
छ) मुक्ति मा.वि. हिले पोखरी १ लाख

गोविन्द पन्थी
प्रमुख प्रशासकीय अधिकृत

नगरपालिकाको कार्यालय
सल्यान

नगर प्रमुख

ज) कुपिण्डेश्वरी प्रा.वि. चारपुवा १ लाख ५० हजार

झ) प्रतिभा मा.वि. जयतपानी १लाख ५० हजार

ञ) सिद्धेश्वरी मा वि निगालचुला १ लाख ५० हजार

ट) जीवनज्योती प्रा.वि. रम्चौना १लाख ५० हजार

३. नवज्योती प्रा.वि. पाँचआरेलाई २०८१।१२।२७ गतेको हावाहुरी र वर्षाको कारणले क्षति भएको भवनको मर्मत सम्भारको लागि अन्य संरचना मर्मत सम्भार शीर्षकवाट रु. ३ लाख खर्च गर्ने निर्णय गरियो ।साथै मिति २०८१।०८।०२ को कार्यपालिकाँ वैठकवाट प्रभाकर मा.वि. शौचालय मर्मत सम्भारका लागि मर्मत सम्भार शीर्षकवाट रु. १० लाख विनियोजन गर्ने निर्णय भए बमोजिम उक्त कार्यको लागि रु. ५ लाख रुपैयाँ भैपरि आउने पूंजीगत खर्च शीर्षक र रु. ५ लाख सडक तथा अन्य संरचना मर्मत सम्भार शीर्षकवाट खर्च गर्ने निर्णय गरियो।

४. RPL विधिबाट सीप परीक्षणको लागि सहकारी तथा गैरसहकारी संस्थासंग साझेदारी कार्यक्रम शीर्षकवाट रु. ३ लाख रुपैयाँ RPL विधिवाट सीप परीक्षण शीर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

५. यस नगरपालिकाले राताचौर पूर्वाधार निर्माणको लागि आव्हान गरेको ठेक्का नं. BAKUNAPA/SQ-11RE-2081/82 को निर्माण कार्यको सम्वन्धमा जिल्ला वन कार्यलयसँग छलफल हुँदा उक्त जग्गा कवुलियत वनक्षेत्र भित्र पर्ने भएकोले हाल निर्माण कार्य अगाडि बढाउन नसकिने भनी निष्कर्ष निकालिएको हुँदा उक्त ठेक्का रद्द गरी रामा कुन्सट्रक्सन, वाँके लाई सोही वमोजिम जानकारी दिने निर्णय गरियो।

६. यस नगरपालिकाको कार्यपालिकाको मिति २०७९।०२।१६ गतेको निर्णय अनुसार गठन भएका विषयगत समितिहरु मध्ये संस्थागत विकास र सुशासन समितिमा तपसिल बमोजिमका संयोजक तथा सदस्यहरु रहने गरी पुनर्गठन गरियो।

तपसिल:

| | |
|---|---|
| विर बहादुर वुढा मगर | -संयोजक |
| मान बहादुर खत्री | -सदस्य |
| गिता बि.क. | -सदस्य |

२०८२।०२।०८
कर्ण बहादुर बुढामगर
नगर प्रमुख

२०८२।०२।०८
गंगाराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

कुपिण्डे नगरपालिकाको कार्यालय
सल्यान

७. वनगाड कुपिण्डे नगरपालिका वडा नं. ९ को कार्यालय भवन र शहिद प्रतिष्ठान भवन निर्माणको लागि जग्गा प्राप्ति गर्न ढिलाई भएको र हाल जग्गा प्राप्ति भैसकेकोले आगामि आ.व.मा समेत क्रमागत हुने गरी ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

८. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतको च.नं. SKT-8182-49290 मिति २०८२।०१।०४ गतेको पत्रानुसार वनगाड कुपिण्डे नगरपालिका वडा नं. ५को पाखापानी खानेपानी योजना र जुरेढुङ्गा खानेपानी योजनामा अनियमिति गरेको भन्ने व्यहोराको उजुरीको सम्बन्धमा यस नगरपालिकालाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरी सोको जानकारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई गराउन भनी लेखी आएको हुँदा यस नगरपालिकाको विषयगत समितिहरु मध्ये देहाय वमोजिम संयोजक र सदस्यहरु भएको संस्थागत विकास र सुशासन समितिलाई सो उजुरीका सम्वन्धमा सत्य तथ्यको निष्पक्ष रुपमा छानविन गरी २०८२ असार मसान्तसम्म सुझाव सहितको प्रतिवेदन पेश गर्ने गरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।

तपसिल:

विर बहादुर बुढा मगर -संयोजक

मान बहादुर खत्री -सदस्य

गिता वि.क. -सदस्य

९. यस नगरपालिकामा राहत तथा आर्थिक सहायता उपलब्ध गराइ पाउँ भनी रितपुर्वक निवेदन पेश गरेका तपसिल वमोजिमका व्यक्तिहरुलाई तपसिल अनुसारको राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

| नाम | क्षतिको विवरण | रकम |
|---|---|---|
| शान्ता बुढा | आगलागी | १०,०००।-(रु.दश हजार) |
| हर्कविर कामी | अस्वस्थ विपन्न | १०,०००।-(रु.दश हजार) |
| मोती कामी | आगलागी | १०,०००।-(रु.दश हजार) |
| डिला वि.क. | विपन्न दीर्घ रोगी | १०,०००।-(रु.दश हजार) |

१०. यस नगरपालिकाको वडा नं. ४ को वडा कार्यालयको जग्गा न्यूनतम सरकारी दररेटको सीमाभित्र रही जग्गा खरिद गर्ने तथा सो कार्यमा लाग्ने रजिष्ट्रेसन शुल्क छुटको लागि सिफारिस गरी पाउँ भनी वडा कार्यालयबाट निवेदन पेश गरेकाले तपसिल वमोजिमको

२०८२।०२।०४
गोकर्ण पन्थी
प्रमुख प्रशासकीय अधिकृत

वनगाड कुपिण्डे नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सल्यान

२०८२।०२।०४
कर्ण बहादुर बुढाथोकी
नगर प्रमुख

जग्गाको खरिद गर्ने र रजिष्ट्रेसन शुल्क छुटको लागि मालपोत कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

| सि.नं. | जग्गा खरिद गर्ने संस्थाको नाम | जग्गा दिने व्यक्तिको नाम | कित्ता नं. | खरिद हुने क्षेत्रफल |
|---|---|---|---|---|
| १ | व.कु.न.पा. वडा नं.४ को वडा कार्यालय | केबले बुढा | २०३४ | ०-२-१-० साविक बाझकोट वडा नं. २ |

११. यस नगरपालिकाा अन्तर्गत पर्ने खोला तथा नदीहरुबाट नदीजन्य पदार्थ संकलन, निकासी तथा पैठारीको लागि श्रीस्थान इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा. लि. ले तयार पारेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

१२. यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८१।१२।३१ गते बसेको बैठकले गरेका निर्यणहरु अनुमोदन गर्ने निर्णय गरियो ।

२०८२।०२।०८

२०८२।०२।०८